धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok

फोननं:०११४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश,नेपाल

प. सं: ०८२/८३
च.नं: ४४४८

मिति: २०८२।१२।२२
ने.सं.:११४६, चौलागा, तृतीया, आइतवार

**दोस्रो पटक प्रकाशित**

**विषय: शिक्षक पदपूर्तिका लागि दरखास्त आह्वान गरिएको सम्बन्धमा।**

सरोकारवाला सम्बन्धित सबै

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत कालिका माध्यमिक विद्यालय शारदा बतासे धुनपा १० मा देहाय बमोजिम शिक्षक पदपूर्तिका लागि पुनः ७ सात दिन समयावधि दिइ दोस्रो पटक विज्ञापन गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आफ्नो शैक्षिक योग्यताका प्रमाणपत्र, अध्यापन अनुमति पत्र र माग गरिएको कागजात संलग्न राखी मिति २०८२।१२।२३ देखि २०८२।१२।२९ गते सम्म कार्यालय समयमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा यसै साथ संलग्न ढाँचाको आवेदन फाराम भरी निवेदन पेश गर्नुहुन यस नगरपालिकाको मिति २०८२।१२।२२ को निर्णय अनुसार पुनः दर्खास्त आह्वान गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नः ३/०८२/८३**

   क. पद संख्याः १ एक

   ख. पद, तह र श्रेणीः गणित शिक्षक, माध्यमिक , संघीय शिक्षण सहयोग अनुदान।

   ग. शिक्षण गर्ने विषय र तहः गणित, माध्यमिक (विद्यालयको आवश्यकता अनुसार सबै तह)

   घ. काम गर्ने विद्यालयः श्री कालिका माध्यमिक विद्यालय शारदा बतासे, धुनपा १०

   ङ. तलव स्केलः नेपाल सरकारबाट माध्यमिक शिक्षण सहयोग अनुदानको लागि प्राप्त अनुदानले तोकेको नियमानुसारको तलब भत्ता

   च. दरखास्त दिने मितिः२०८२।१२।२३ देखि २०८२।१२।२९ सम्म

   छ. आवेदन दस्तुरः १५००।-(एक हजार पाँच सय मात्र)

२. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम शैक्षिक योग्यता, अन्य प्रमाणपत्रहरु र उमेरको हदः**

   क. **न्यूनतम शैक्षिक योग्यताः**

   मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिइ कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेकोवा विज्ञान विषय अध्ययन गरी गणितको थप २०० पूर्णाङ्क अध्ययन गरी उतीर्ण गरेको वा भौतिक विज्ञान विषयमा २०० पूर्णाङ्कको गणितसमेत अध्ययन गरेको (विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ )

   ख. अध्यापन अनुमति पत्रः माध्यमिक तहको अध्यापन अनुमति पत्र

   ग. नेपाली नागरिकताको प्रमाणपत्र,



CS Scanned with CamScanner

धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal executive
धुलिखेल,काभ्रेपलाञ्चोक
Dhulikhel,Kavrepalanchok
फोननं:०११४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश,नेपाल

प. सं: ०८२/८३
च.नं:

घ. दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको हुनुपर्ने।

ङ. शिक्षक सेवा अयोग नियमावली, २०५७ (संशोधन सहित) को नियम १० बमोजिम अयोग्य नभएको।

च. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकेको माध्यमिक तहको विषयगत नयाँ पाठ्यक्रम अनुसार प्रतियोगितात्मक परीक्षा हुनेछ (उक्त पाठ्यक्रम शिक्षक सेवा आयोगको वेबसाइट tsc.gov.np बाट डाउनलोड गर्न सकिने छ।

छ. दरखास्त दिने स्थानः धुलिखेल नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा स्वयम् उम्मेद्वार उपस्थित भइ डाउनलोड गरेर भरिएको दरखास्त फाराम र कागजात संलग्न गरेको फाइल बुझाउनु पर्ने।

३. **परीक्षाको किसिमः** (क) लिखित परीक्षा (ख) अन्तर्वार्ता (ग) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा हुन सक्नेछ।

४. **लिखित परीक्षा हुने मिति र स्थान:** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट फोन तथा इमेल मार्फत सूचित गरिनेछ तसर्थ फाराममा आफ्नो इमेल स्पष्ट बुझिने गरी अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

५. **उम्मेदवारले अनिवार्य रूपले पेश गर्नुपर्ने कागजातहरू :**

- न्यूतम शैक्षिक योग्यताका प्रमाण पत्रको (उम्मेदवार आफैले प्रमाणित गरेको) प्रतिलिपिहरु
- नेपाली नागरिकताका प्रमाण पत्रको प्रतिलिपि
- अध्यापन अनुमति पत्र (माध्यमिक तह) को प्रतिलिपि

पवित्रा कोइराला
अधिकृत



Scanned with CamScanner